आज मिति २०७७ बैशाख १४ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री गंगाप्रसाद न्यौपानेको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्र.जि.अ.श्री गंगाप्रसाद न्यौपाने, जिल्ला प्रशासन कार्यालय, बाजुरा | अध्यक्ष |
| नि.जिल्ला समन्वय अधिकारी श्री यज्ञराज अर्याल | सदस्य |
| सेनानी श्री रबिन श्रेष्ठ, समरजित गुल्म, बाजुरा | सदस्य |
| प्र.ना.उ.श्री टंक प्रसाद भट्टराई, जिल्ला प्रहरी कार्यालय, बाजुरा | सदस्य |
| स.प्र.ना.उ.श्री श्याम रावत, स.प्र.बल, नेपाल, आश्रित गुल्म बाजुरा | सदस्य |
| प्र.अ.अ. श्री मोहन प्रसाद आचार्य, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बाजुरा | सदस्य |
| नि.मे.सु. श्री रुपचन्द्र बिश्वकर्मा जिल्ला अस्पताल, बाजुरा | सदस्य |
| स.प्र.जि.अ.श्री समीर भण्डारी, जिल्ला प्रशासन कार्यालय बाजुरा | सदस्य सचिव |

**आमन्त्रीत**

समन्वय प्रमुख, श्री नरेन्द्र कुमार रोकाया, जिल्ला समन्वय समितिको कार्यालय, बाजुरा (सल्लाहकार)

नगर प्रमुख, श्री पदम बडुवाल, बडीमालिका नगरपालिकाको कार्यालय, बाजुरा (सल्लाहकार)

वरिष्ठ जनस्वास्थ्य अधिकृत, श्री दयाकृष्ण पन्त, स्वास्थ्य कार्यालय, बाजुरा

कार्यालय सचिव, श्री काँसी बि.क., ने.क.पा. बाजुरा

सदस्य, श्री प्रकाश रावल, नेपाली काँग्रेस, बाजुरा

उपाध्यक्ष, श्री टेक बहादुर बडुवाल, जनता समाजवादी पार्टी नेपाल, बाजुरा

**निर्णय नं.१**

जिल्ला समन्वय समितिको समिक्षालय हलमा जिल्ला अस्पताल बाजुराको कोभिड १९ आइसोलेशन कक्षलाई अझै व्यवस्थित गर्नुपर्ने ( महिला कक्ष, पुरुष कक्ष छुट्याउन पार्टेशन गर्नुपर्ने, कार्पेटीङ, सिसिटिभी क्यामेरा जडान, अक्सिजन आदी) देखिएकोले जिल्ला अस्पताल बाजुराले सोको शीघ्र व्यवस्था गर्ने ।

निर्णय नं. २.

कोभिड १९ आइसोलेशन/ अस्पतालमा प्रत्यक्ष रुपमा संलग्न डाक्टर, नर्स लगायतका प्राविधिक व्यक्तिको आवास/क्वारेन्टिनको लागि उपयुक्त सार्वजनिक/ सरकारी भवन/आवास नभेटीएकोले जिल्ला अस्पताल बाजुराले नियमानुसार शीघ्र भाडामा लिएर भएपनि तयारी अवस्थामा राख्ने ।

निर्णय नं. ३.

आइसोलेशन कक्षका विरामीका लागि प्रयोग गरिने खानेपानी, शौचालय, धाराको व्यवस्थापन जिल्ला समन्वय समितिको कार्यालय बाजुराले गर्ने ।

(१)

क्रमशः

निर्णय नं. ४.

आइसोलेशन कक्षमा प्रत्यक्ष रुपमा खटीने डाक्टर, नर्स लगायतका स्वास्थ्यकर्मीको लागि आराम कक्षको व्यवस्था जिल्ला समन्वय समितिको परिसरमै रहेको पुरानो भवनमा गर्ने । यसको व्यवस्थापन जिल्ला समन्वय समितिको कार्यालय बाजुराले गर्ने ।

निर्णय नं. ५.

जिल्ला समन्वय समितिको कार्यालय बाजुरा परिसर भित्रको फोहोर व्यवस्थापन जिल्ला अस्पतालले गर्ने ।

निर्णय नं. ६.

काठमाण्डौ लगायत बिभिन्न जिल्लाबाट बाजुराको प्रशासन वा स्थानीय तहसंग कुनै समन्वय, सम्पर्क नै नगरी बस, ट्रक लगायतका साधन प्रयोग गरी मानिसहरु बाजुरा प्रवेश गर्न थालेको र यसले क्वारेन्टिनको व्यवस्था गर्न कठिन हुने र क्वारेन्टिनमा नराख्दा भयावह अवस्था आउन सक्ने सम्भावना प्रवल देखिएकोले आवश्यक निर्देशन र व्यवस्थाको लागि गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण (NEOC), आन्तरिक मामिला तथा कानून मन्त्रालय धनगढी, कैलाली र कोभिड १९ संकट व्यवस्थापन केन्द्र, छाउनी, काठमाण्डौ लगायतलाई अनुरोध गर्ने ।

निर्णय नं. ७.

अन्यत्र जिल्लामा बसीरहेका बाजुराका व्यक्तिलाई खान,बस्नको लागि कुनै समस्या परेमा बाजुराको सम्बन्धित पालिकाले आफ्ना बासिन्दा बसेको जिल्लाको स्थानीय पालिकामा सर्म्पक र समन्वय गरी त्यस्ता समस्यामा परेकालाई राहतको व्यवस्था मिलाउन पहल गर्ने । कसैलाई पनि बाजुरामा आउन वा ल्याउन प्रोत्साहन नगर्ने ।

निर्णय नं. ८.

हालका दिनहरुमा ठुलो संख्यामा बाजुराका बासिन्दा जिल्लाको नाकामा आइसकेको अवस्थामा मानवीय नाताले फर्काउन नसकिने हुँदा ती सबैलाई नेपाल सरकारको नीति अनुसार स्थानीय तहको संकट व्यवस्थापन केन्द्रले निर्णय गरी क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने ।

(२)

निर्णय प्रमाणित

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

समीर भण्डारी
स.प्र.जि.अ.

2076/12/14